"सामाजिक सुरक्षा ,सुशासन, न्याय विकास र समानता समृद्ध नगर सुखी नगरवासी हाम्रो प्रतिवद्धता"

" Social Security, Good Governance, Justice, Development and Equity Properous Cities Happy Citizens Our Commitment"

# सुनवल नगरपालिका
# Sunwal Municipality
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

सुनवल, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
Sunwal, Nawalparasi (West of Bardaghat Susta)
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

चन २५४२
पत्र ०८२/०८३

मिति: २०८३।०२।०१

सुनवल नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुनवल, नवलपरासी

बिषय: आ.व. २०८३।८४ को प्रस्तावित योजना सम्वन्धमा ।

श्री वडा कार्यालयहरु सबै
सुनवल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनवल, नवलपरासी ।

उपरोक्त सम्वन्धमा आर्थिक बर्ष २०८३।८४ को बार्षिक योजना तर्जुमा गर्ने सन्दर्भमा यस कार्यालयको च.नं. २३७१, मिति २०८२।१२।१७ को पत्रबाट तोकिएको ढाँचामा २०८३।०२।१५ गते सम्म तयार गरी पठाउन अनुरोध गरिएको व्यहोरा स्मरण गराउदै सो सम्वन्धमा आवश्यक प्रक्रियाहरु अगाडी बढाउनु हुन सादर अनुरोध छ ।

शेषकान्त पौडेल
प्रमुख प्रशासकीय अधिकृत

शेषकान्त पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Website : www.sunwalmun.gov.np
X: @sunwalmun
A: @sunwalmun
Email: sunwalmunicipality@gmail.com
Facebook: facebook.com/sunwalmun

Scanned with CamScanner

"सामाजिक सुरक्षा ,सुशासन, न्याय विकास र समानता समृद्ध नगर सुखी नगरवासी हाम्रो प्रतिवद्धता"

" Social Security, Good Governance, Justice, Development and Equity Properous Cities Happy Citizens Our Commitment"

# सुनवल नगरपालिका
## Sunwal Municipality
# नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

सुनवल, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

Sunwal, Nawalparasi (West of Bardaghat Susta)

लुम्बिनी प्रदेश, नेपाल

Lumbini Province, Nepal

चन २९६५

०२१।०८९

२०८२।१२।१७

श्री वडा कार्यालय सबै

सुनवल नगरपालिका, नगर कार्यपाकिलाको कार्यालय, सुनवल, नवलपरासी ।

**बिषयः आगामी आ.व. २०८३।८४ को योजना छनौट सम्वन्धमा ।**

उपरोक्त सम्वन्धमा सुनवल नगरपालिकाको मिति २०८२।१२।८ गते सम्पन्न कार्यपालिका बैठकको निर्णयानुसार आगामी आर्थिक बर्ष २०८३।८४ को बार्षिक योजना तर्जुमा गर्ने सन्दर्भमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ बमोजिम सहभागितात्मक योजना तर्जुमाका सबै चरणहरु पुरा गरी सबै वडाहरुका बस्ती/टोल, वडा तथा नगर स्तरीय योजना छनौट प्रक्रिया पुरा गरी आगामी २०८३ जेठ १५ गते सम्म संकलन र प्राथमिकता निर्धारण सहित अन्तिम रुप दिने निर्णय भए बमोजिम देहाय बमोजिम गर्नु/गराउनु हुन सादर अनुरोध छ ।

## बस्ती / टोल स्तरका योजना तर्जुमा सन्दर्भमाः

- वडामा रहेका सवै बस्तीहरुको सूची तयार गर्ने ।
- वडा सदस्यलाई विभिन्न बस्ती वा ठोलको योजना तर्जुमा कार्यमा सहजीकरण गर्न संयोजन गर्ने जिम्मेवारी प्रदान गर्ने ।
- योजना छनौट बैठक सम्भव भएसम्म सबैलाई पायक पर्ने स्थानमा बोलाउने ।
- योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक गर्ने ।
- योजना तर्जुमा सम्बन्धमा छलफल गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, बालबालिका, विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलन जस्ता विषय समेत समावेश गर्ने ।
- आवश्यकता पहिचान र प्राथमिकता निर्धारण गरी आयोजना तथा कार्यक्रम छनौट गर्ने ।
- "कोही पनि नछुटुन् र कोही पनि पछाडि नपरुन्" को अवधारणा अनुसार बस्तीभित्रका सवै वर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडावर्ग, अल्पसङ्ख्यक, सिमान्तकृत, युवा, बालबालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, आदि) को प्रतिनिधित्व सुनिश्चित गर्ने ।
- टोल वा बस्ती भित्रका क्रियाशील सामुदायिक संस्थाहरु (टोल विकास संस्था, आमा समूह, बाल क्लव वा सञ्जाल, युवा क्लव, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूह आदि) लाई पनि सहभागी गराउने ।
- योजना छनौट गर्दा दिगो विकास लक्ष्य प्राप्त गर्ने एवम् विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा प्रत्यक्ष योगदान गर्ने आयोजना तथा कार्यक्रम छनौट गर्न सहजीकरण र प्राथमिकता दिने ।
- छनौट भएका आयोजना तथा कार्यक्रमको अभिलेख तयार गरी संयोजकले देहाय बमोजिमको ढाँचामा वडा समितिमा पेश गर्ने ।
- **वस्ती/टोलस्तरबाट छनौट भई वडा समितिमा पेश गर्ने आयोजना विवरण फाराम**

| सि.नं. | विषय क्षेत्र | आयोजना/कार्यक्रम विवरण | | | लागत अनुमान (रु हजारमा) | | | | लाभान्वित घरधुरी/ जनसंख्या | माग गर्ने समूह, टोल/समुदाय वा वस्तीको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नाम | स्थान | परिमाण | समुदायको योगदान | गापा/नपा | अन्य | जम्मा | | |
| १ | आर्थिक विकास | | | | | | | | | |
| | | | | | | | | | | |
| २ | सामाजिक विकास | | | | | | | | | |
| | | | | | | | | | | |
| ३ | पूर्वाधार विकास | | | | | | | | | |
| | | | | | | | | | | |
| ४ | वन, वातावरण र विपद् व्यवस्थापन | | | | | | | | | |
| | | | | | | | | | | |



शेषकान्त पौडेल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

Scanned with CamScanner

च.नं. २२६९
प.सं. ०८२/०८३

**वडास्तरमा योजना छनौट सन्दर्भमा:**

- बस्ती/टोलस्तरबाट प्राप्त आयोजना/कार्यक्रमहरूलाई एकीकृत गरी विषयक्षेत्रअनुसार छुट्टाई निर्धारित ढाँचामा सूचीकृत गर्ने ।
- वडा समितिले पहिचान गरेका वडास्तरीय आयोजनाहरु समेत समावेश गरी प्राथमिकता निर्धारणका लागि वडा समितिको बैठकमा पेश गर्ने ।
- वडा समितिले कार्यपालिकाबाट उपलब्ध आयोजना प्राथमिकता निर्धारणका आधारहरु तथा बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनको आधारमा आयोजना तथा कार्यक्रमको प्राथमिकताक्रम निर्धारण गर्ने ।
- वडा समितिले आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारणको आधार, विधि तथा ढाँचा देहाय बमोजिम हुनेछ ।
- वडा स्तरीय योजना तर्जुमा सम्वन्धि मार्ग दर्शन र बजेट सिलिङ्ग पछि पठाइनेछ ।

| विषय क्षेत्रअनुसार कार्यक्रम तथा आयोजना को नाम | सामान्य आधार (७० अंक) | | | | सामान्य आधार (६० अंक) | | आयोजनाको पूर्व कार्य प्रगति, सम्पन्न हुन लाग्ने समय वा कार्यान्वयन तयारी कार्य ( १५ अंक) | क्षेत्रगत आधार (३० अंक) | | जम्मा | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | समावेशीकरणमा योगदान (१० अंक) | | | | | | |
| | तीव्र, दिगो र रोजगारमूलक आर्थिकवृद्धिमा योगदान पुर्‍याउने (१५ अंक) | स्थानीय प्राथमिकता वा तुलनात्मक लाभका क्षेत्रमा योगदान पुर्‍याउने (१० अंक) | दिगो विकास को लक्ष्य प्राप्तिमा योगदान पुर्‍याउने ( १० अंक) | सहभागिताको अवस्था (१० अंक) | क्षेत्रीय समावेशीकरण (५ अंक) | सामाजिक समावेशीकरण (५ अंक) | | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा योगदान (१५ अंक) | दिगो विकास क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदान ( १५ अंक) | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

(शेषकान्त पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

**शेषकान्त पौडेल**
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner